म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १६६ २०८१ वैशाख २५ गते मंगलबार 7 May 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

“सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता”

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

### तामाङ र नेपाल भाषा सरकारी कामकाजी भाषा

# खुसियालीमा हेटौंडामा र्‍याली, नेवा संग्रहालय सिलान्यास




*तामाङ र नेपाल भाषालाई कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याउने बागमती प्रदेश सरकारको घोषणाको स्वागत र खुसियालीमा सोमबार हेटौंडामा निकालिएको र्‍याली ।*

समाज संवाददाता

हेटौंडाः तामाङ र नेपाल भाषालाई बागमती प्रदेश सरकारी कामकाजी भाषाको रुपमा लागु गरेको खुसियालीमा प्रदेशको राजधानी हेटौंडामा र्‍याली निकालिएको छ । सोमबार बिहान तामाङ र नेपाल भाषा दिवस मूल समारोह समिति मकवानपुरको आयोजनामा र्‍याली निकालेको हो ।

सोमबार बिहान काठमाडौंको बसन्तपुरमा आयोजित एक कार्यक्रमका बीच प्रधानमन्त्री पुष्पकमल दाहालले प्रदेशमा नेपाल र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रुपमा शुभारम्भ गर्नुभएको छ । सोही अवसरको खुसियालीमा नेपाल तामाङ घेदुङ र नेवाः देय दबुको प्रदेशस्तरीय समितिको आयोजनामा मकवानपुरमा र्‍याली निकालिएको हो । हेटौंडाको बुद्धचोकबाट सुरु भएको र्‍याली सिमाचोक, स्कुलरोड, पारिजातपथ, कान्तिराजपथ, मानसचोक हुँदै हेटौंडा-२ स्थित वनस्खण्डीमा पुगेर सभामा परिणत भएको थियो । र्‍यालीमा झाँक्री, लाखे नाच, नेवारी धिमे बाजा टोली र जातिगत संघ, संगठनको उपस्थिति रहेको थियो ।

नेवाः देय दबु बागमती प्रदेश समितिका अध्यक्ष विष्णुगोपाल महर्जनको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रमको अवसरमा नेवा साँस्कृतिक संग्रहालय सिलान्यास भएको छ । अध्यक्ष महर्जन र प्रमुख घलानले संयुक्त रुपमा संग्रहालयको सिलान्यास गर्नुभएको हो । संग्रहालयका लागि बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयले तत्काल १५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । उक्त बजेटले फाउण्डेसन बन्ने र बाँकी भवनका लागि थप बजेट आवश्यकता पर्ने अध्यक्ष महर्जनले बताउनुभयो । यसका लागि २ करोड जति बजेट आवश्यक पर्ने र नेवारी संस्कृति झल्किने वस्तुहरु संग्रहालयमा राखिने उहाँले बताउनुभयो ।

# गाउँपालिका र प्रधानाध्यापकबीच कार्यसम्पादन सम्झौता



*उमाकुण्ड गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामा (बायाँ) प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौतापत्र आदानप्रदान गर्नुहुँदै ।*

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका र पालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरुबीच कार्यसम्पादन सम्झौता भएको छ । सोमबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामा र प्रअहरुबीच कार्यसम्पादन पत्रमा हस्ताक्षर भएको हो ।

गाउँपालिकाभित्र सञ्चालनमा रहेका ४२ सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शैक्षिक विकास गर्न सम्झौता भएको प्रमुख प्रशासकीय अधिकृत लामाले बताउनुभयो । उक्त करार सम्झौता शैक्षिक सत्र २०८१ का लागि लागू हुने उहाँले बताउनुभयो । विद्यालय र शिक्षकहरुलाई प्रोत्साहन गर्न उक्त सम्झौताले महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ ।

विद्यालयमा शैक्षिक, भौतिक, वित्तीय साधनस्रोतको अधिकतम उपयोग गरी शैक्षिक व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शैक्षिक विकास गर्ने, शिक्षकको पेशागत विकासका अवसरहरुको विस्तार गरी शिक्षकको शिक्षण क्षमता अभिवृद्धि गर्दै विद्यार्थी सिकाइ उपलब्धीमा सुधार ल्याउने, शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो कामप्रति जिम्मेवार बनाउने, विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सुधारका लागि उपयोग गर्ने अवसरहरुको सिर्जना गर्ने उद्देश्यले कार्यसम्पादन सम्झौता भएको हो । यस्तै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, प्रशिक्षक तथा कर्मचारी एवम् विद्यार्थी सम्बद्ध समिति/समूहहरुको अधिकतम परिचालन गरी विद्यालयको समग्र शैक्षिक विकासमार्फत् विद्यार्थी सिकाइका वैकल्पिक अवसरहरुको कार्यान्वयन गर्ने, विद्यालयमा दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिकरुपमा सम्पादित कार्यहरुलाई लिपिबद्ध गरी अभिलेखीकरण गर्ने उद्देश्य रहेको सम्झौतामा उल्लेख छ ।

गाउँपालिकाद्वारा निर्धारित शैक्षिक क्यालेण्डरबमोजिम विद्यालयको वार्षिक कार्यपात्रो निर्माण गरी कार्यान्वयन गर्ने, प्रत्येक शिक्षक/कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता र विद्यालयको वार्षिक कार्यपात्रोमा उल्लेखित क्रियाकलापहरुमा सूचक तयार गरी कार्यसम्पादन करार सम्झौता गरी, गराई शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कार्य गर्ने, गराउने कार्य प्रधानाध्यापहरुको भूमिका रहने बताइएको छ । यस्तै, भौतिक व्यवस्थापन, वित्तीय अनुशासन, जनशक्ति व्यवस्थापन, शिक्षक पेसागत विकास, विद्यार्थी सिकाइ मूल्याङ्कनमा विशेष ध्यान दिनुपर्ने जनाइएको छ ।

यसवर्ष उत्कृष्ट विद्यालय घोषणा तथा पुरस्कार वितरण कार्यक्रम हुने प्रमुख प्रशासकीय अधिकृत लामाले बताउनुभयो । वार्षिक प्रस्तुतिकरणको मूल्याङ्कन र अनुगमनबाट तीन वटा मावि र आधारभूत तहको विद्यालयलाई पुरस्कृत गरिने उहाँले बताउनुभयो । प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरुलाई क्रमशः ३ लाख, २ लाख र १ लाख रुपैयाँ प्रदान गरिने उहाँले बताउनुभयो । उक्त पुरस्कार रकम विद्यालयलाई उपलब्ध गराएपछि विद्यालयले शिक्षकहरुलाई उपलब्ध गराउने पनि उहाँले बताउनुभयो ।

सोमबार नै पालिकाले स्थानीय पाठ्यक्रमको विमोचन गरेको छ । पालिकाका अध्यक्ष शेरबहादुर सुनुवारले एक कार्यक्रमका बीच कक्षा १ देखि ८ सम्मका स्थानीय पाठ्यक्रमको विमोचन गर्नुभएको हो । पाठ्यक्रममा पालिकाभित्रका भौगोलिक अवस्था, सांस्कृतिक, धार्मिक एवम् अन्य पक्षका बारेमा उल्लेख रहेको प्रमुख प्रशासकीय अधिकृत लामाले जानकारी दिनुभयो ।

# भीमफेदी बाल मन्दिरमा बालबालिका शून्य




*भीमफेदी बालमन्दिरबाट बिदा हुँदै गरेका बालकहरु ।*

समाज संवाददाता

हेटौंडाः नेपाल बाल संगठनअन्तर्गत्को मकवानपुर बाल मन्दिरमा आश्रित बालबालिकाको संख्या शून्य भएको छ । भीमफेदी बाल मन्दिरमा रहेका बालकहरू स्थानान्तरण भएसँगै बालबालिकाको संख्या शून्य भएको बाल मन्दिरका अध्यक्ष अशोक सारू मगरले जानकारी दिनुभयो ।

नेपाल बाल संगठन देशका ७७ जिल्लामा शाखा भएको सेवामूलक संस्था हो । टुहुरा, अनाथ, घरबारविहीन र अभिभावकविहीन अवस्थाका बालबालिकाहरुको संरक्षण, पालन पोषण, स्वास्थ्य र शिक्षा निःशुल्क रुपले दिने मूल उद्देश्यका साथ नेपाल बाल संगठनको स्थापना भएका हो । यसले देशका सम्पूर्ण जिल्लामा रहेर कार्य गर्दै आएको छ । सोहीअन्तर्गत मकवानपुर जिल्लामा वि.स. २०५६ सालबाट भीमफेदीको बाल मन्दिरमा बालबालिकाका क्षेत्रमा कार्य गर्दै आएको अध्यक्ष मगरको भनाइ छ ।

संगठन मकवानपुरमा बालबालिकाहरुलाई संरक्षण गर्दै आएकोमा एसइई परीक्षामा सम्मिलित भई बिदा भएर जाने र पारिवारिक पुनर्मिलन भएर बालबालिका गएसँगै बालबालिकाका सख्या घटेको हो । संगठनमा मकवानपुरमा ११ जना बालक रहेका थिए । जुन बालगृह सञ्चालन कार्यविधिअनुसार २० जनाभन्दा कम संख्या भएको र बालमन्दिरमा रहेका बालबालिकाहरुलाई नक्साल स्थानान्तरण गरिएको हो । आइतबारबाट बालकहरू स्थानान्तरण भएसँगै बालमन्दिरमा बालबालिकाको संख्या शून्य भएको हो । संगठनले अनाथ, परिवारविहीन बालबालिकालाई संरक्षण गर्ने, अभिभावकको भूमिका निर्वाह गर्ने काम गर्दै आएको हो ।

संगठनले बालबालिकाले अनाथालयमा, बालगृहमा बस्ने नभई परिवारमा स्थापित गराउने प्रयाससमेत गरिरहेको उहाँका भनाइ छ । भीमफेदी बाल मन्दिरमा ३५ जना बालबालिका अट्ने संरचना र ४ जना कर्मचारी रहेका थिए । उक्त संरचनामा प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्यमा बालग्रामको रुपमा स्थापना गरी कार्य गर्ने उहाँको भनाइ छ । अध्यक्ष थापा मगरले भन्नुभयो, ‘आफू २०७८ सालबाट अध्यक्ष भएपश्चात् ३७ जना बालबालिकालाई संरक्षण दिएको, अहिले बाल मन्दिरको संरचना रहेको स्थानमा संरचना खेर जान नदिन नयाँ अवधारणाका साथ कार्य गर्ने बताइएको छ । अध्यक्ष थापा मगरका अनुसार सन्तानविहीन दम्पतिको लागि संगठनका कार्यविधिअनुसार सन्तानसमेत उपलब्ध गराइएको छ ।

# एकै दिन ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन ५ जनाको मृत्यु भएको छ । शनिबार प्रदेशको चितवन, रसुवा, दोलखा र रामेछापमा एकै दिन ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । चितवन जिल्लाको भरतपुर महानगरपालिका-१२, आस्थाचोकमा स्कुटर दुर्घटना हुँदा स्कुटरको पछाडि सवार १ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-११, जागृतिचोकका २९ वर्षीय प्रीति कुमाल रहेको प्रहरीले जानकारी दिएको छ ।

शनिबार भरतपुरबाट टाँडीतर्फ जाँदै गरेको ना २८ प ७०१२ नम्बरको स्कुटरले पैदलयात्रीलाई ठक्कर दिँदा राप्ती नगरपालिका-८, खुरखुरेका २१ वर्षीय प्रवीण सुनार, स्कुटर चालक भरतपुर महानगरपालिका-१, लीलाचोकका ३२ वर्षीय डेनिस श्रेष्ठ र स्कुटरको पछाडि सवार कुमाल घाइते भएका थिए । घाइते तीनै जनालाई उपचारका लागि अस्पताल लगिएकोमा घाइते कुमाललाई डाक्टरले मृत्यु घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका-१, पेलदानखर्क भीरमा एकजना पुरुष मृत फेला परेका छन् । शनिबार दिउँसो १ बजेर १५ मिनेटको समयमा हाल नामथर नखुलेको तराईमुलको जस्तो देखिने अन्दाजी ३५ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल धुन्चेको शवगृहमा लगिएको प्रहरीले जानकारी दिएको छ ।

दोलखा जिल्लाको कालिन्चोक गाउँपालिका-१, कुरीमा कालिका भगवती मन्दिरमा दर्शन गर्न आएका एक दर्शनार्थीको मृत्यु भएको छ । मृत्यु हुनेमा भिमेश्वर नगरपालिका-२, तिखातालका ६५ वर्षीय गोलान्दर विक रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार दिउँसो २ बजेको समयमा विक मन्दिर दर्शन गर्ने क्रममा अचानक बेहोस भई ढली मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका-५, गुरूम्फी खोलाको ढुङ्गाको च्यापमा एक जना पुरुष मृत फेला परेको छन् । मृत फेला पर्नेमा दोलखा जिरी नगरपालिका-९, ठुलोपातल घर भई गौरीशंकर गाउँपालिका-५, सुम्ना बस्दै आएका ६५ वर्षीय रत्न बहादुर सुनुवार रहेको प्रहरीले जानकारी दिएको छ । सुनुवार शनिबार बिहानैदेखि घरबाट निस्किएका थिए । सोही दिन स्थानीयले माछा मार्दै जाने क्रममा गुरूम्फी खोलाको ढुङ्गाको च्यापमा मृत फेला पारेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, रामेछाप जिल्लाको मन्थली नगरपालिका-५, सुनारपानीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ३९ वर्षीय सन्दिप रोक्का रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार राती १० बजेर ५५ मिनेटको समयमा रोक्का घरदेखि ५ सय मिटर पर बारीमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

हेटौंडा, मकवानपुर

# शिक्षामा परिवर्तन भाषणमात्रै

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले देशको वर्तमान शिक्षा प्रणाली परिवर्तन हुनुपर्ने बताएका छन् । आइतबार बागमती विश्वविद्यालयको सम्पर्क कार्यालय उद्घाटन गर्दै बेरोजगार उत्पादन गर्ने शिक्षा प्रणाली परिवर्तन गर्नुपर्ने बताएका हुन् । आफूले लगानी गरेर पढेको शिक्षाले जीवन धान्न नसक्ने र आत्मनिर्भर नहुने मनस्थितिको अन्त्य हुनुपर्ने मुख्यमन्त्रीको भनाइ छ । शिक्षा क्षेत्रको विकासका लागि काम गर्नुपर्नेहरुले नै कन्सल्टेन्सीसँग मिलेमतो गरी विद्यार्थीलाई विदेश पठाउने गरेको उनको आरोप छ । शैक्षिक संस्थाले कोटा तोकेर प्रवेश परीक्षा लिने गरेका कारण विद्यार्थीले चाहेको विषय पढ्न नपाएको उनको भनाइ छ । मुख्यमन्त्रीले वर्तमान शिक्षा प्रणाली परिवर्तन गर्न प्रदेश सरकारले लडाइँ लड्ने भने पनि यो भाषणमै सिमित हुने निश्चित छ । सशस्त्र द्वन्द्वको क्रममा बुर्जुवा शिक्षाको विरुद्धमा लागेकाहरु नै पछिल्लो दुई दशकमा पटकपटक सत्तामा पुगेको भए पनि शिक्षा प्रणाली सुधार्न कुनै प्रयास नहुनुले यसलाई पुष्टि गर्दछ ।

भाषणमा आकर्षक कुरा गर्नेहरुले कुनै उल्लेख्य काम गर्न सकेको पाइँदैन । देशको शिक्षा प्रणालीमा धेरै सुधार आवश्यक भए पनि त्यो हुन सकेको छैन । देशको समग्र शिक्षा प्रणाली सुधारको पहिलो खुट्किलोको रुपमा रहेको संघीय शिक्षा ऐनको टुंगो छैन । संघीयता कार्यान्वयन भएको सात वर्ष, गणतन्त्र कार्यान्वयन भएको डेढ दशक, पञ्चायती शासन अन्त्य भएर प्रजातन्त्र पुन:स्थापना भएको ३५ वर्षसम्म पनि नयाँ शिक्षा ऐन आउन सकेको छैन । २०२८ सालको पञ्चायतकालीन शिक्षा ऐनकै भरमा शिक्षा प्रणाली चलुञ्जेलसम्म शिक्षामा परिवर्तन ल्याउने कुरा निरर्थक हुनेछ । नयाँ संविधानले विद्यालय तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको अवस्थामा संघीय सरकारले सोअनुकूलको ऐन नल्याउँदा स्थानीय तहले प्रभावकारी काम गर्न सकेका छैनन् । स्पष्ट ऐन नियम नहुँदा संघ, प्रदेश र स्थानीय सरकारबीच दुई पक्षीय र तीन पक्षीय साझा अधिकारको सूचीमा परेका शिक्षासम्बन्धी विषयहरुको कार्यान्वयनमा झनै समस्या भइरहेको छ ।

सार्वजनिक शिक्षालाई सबल नबनाउँदासम्म मुलुकको शिक्षा प्रणालीमा सुधार सम्भव छैन । शिक्षा प्रणालीको सुधारबिना शिक्षाको सार्थकता रहँदैन । देशको नागरिकको स्तर त्यस देशको शिक्षा प्रणालीमा निर्भर रहन्छ । हाम्रो शिक्षा प्रणाली व्यवहारिक र वैज्ञानिक छैन । मुख्यमन्त्री जमकट्टेलले प्रदेश सरकारले प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिने बताए पनि अहिलेसम्म त्यसको कुनै लक्षण देखिएको छैन । मुलुकको शिक्षा प्रणालीप्रति विद्यार्थीको आकर्षण छैन । वर्षेनि लाखौं विद्यार्थी उच्च शिक्षाको लागि विदेशिने क्रम बढ्दै जाँदा मुलुकका शैक्षिक संस्था विद्यार्थीविहीन बन्न थालेका छन् । भएका विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको खडेरी लागिरहँदा संघ र प्रदेश सरकार नयाँ-नयाँ विश्वविद्यालय स्थापनामा अग्रसर भइरहेका छन् । भएका विश्वविद्यालयमा विद्यार्थी आकर्षित गर्न नसकेको अवस्थामा नयाँ विश्वविद्यालय खोलेर भर्तीकेन्द्र बनाउनेबाहेक खासै उपलब्धि हुने सम्भावना देखिँदैन ।

विगतमा मुलुकको शिक्षा प्रणालीका कारण यहाँका शैक्षिक संस्थालाई शिक्षित बेरोजगार उत्पादन गर्ने कारखाना भन्ने गरिन्थ्यो । यसै भएर देशभर प्राविधिक र व्यावसायिक शिक्षाको विकास गर्नुपर्ने आवाज उठ्यो । सरकारले कक्षा ९ देखि प्राविधिक धारको पठनपाठन सुरु गर्नुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सम्बन्धनमा विद्यालय तहमा विभिन्न प्रकारका प्राविधिक शिक्षा दिन थाल्यो । पछिल्लो समय ती प्राविधिक विषय पढ्न चाहने विद्यार्थीको संख्यासमेत न्यून हुँदै जानुले शिक्षा प्रणाली साँच्चै परिवर्तन गर्नुपर्ने देखिएको छ । अहिलेको शिक्षा प्रणालीले विदेश जाने कामदार र विद्यार्थीमात्र उत्पादन गरिरहेको मान्न सकिन्छ । विद्यार्थीलाई आफ्नै भूमिमा श्रम गरेर खाने ज्ञान तथा सीप सिकाउन सकिएको छैन । स्वरोजगारमूलक काममा भन्दा जागिरको मोह आम शिक्षित वर्गमा देखिन्छ । यसो हुनुमा मुलुकको शिक्षा प्रणालीको असफलता नै प्रमुख कारण भएकाले भाषण र कुरामा नभई वर्तमान शिक्षा प्रणाली परिवर्तन गर्न साँच्चै गम्भीर भएर लाग्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सीप र ज्ञान बढाउने समय योग रहेको रहको छ ।
**वृष** : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहला ।
**मिथुन** : प्रतिष्ठा र धनधान्यमा वृद्धि हुने समय छ ।
**कर्कट** : लेखाइ– पढाइ मध्यमकारक रहने योग छ ।
**सिंह** : धार्मिक कृत्यका काममा सरिक भइएला ।
**कन्या** : जनसम्पर्कको दायरा बढ्ने समय योग छ ।
**तुला** : मनोबलमा कमी कमजोरी आउने योग छ ।
**वृश्चिक** : सामाजिक काम मध्यमकारक नै मान्नुपर्ला ।
**धनु** : वैदेशिक क्षेत्रका कामबाट हानि प्राप्त होला ।
**मकर** : परीक्षा प्रतियोगितामा सफलता प्राप्त होला ।
**कुम्भ** : धार्मिक र सामाजिक काममा सरिक भइने योग छ ।
**मीन** : भेटघाटमा समय व्यतित हुने समय योग छ ।

# हेटौंडा शहरको भौतिक विकास



**रघुनाथ पौडेल**

स्वनिर्मित प्राकृतिक विविधताका क्षेत्रमा मानिसले आफ्नो अनुकुल गर्ने परिवर्तन र परिष्कारको कामलाई भौतिक विकास भन्न सकिन्छ । यस कार्यमा भौतिक विचार र वस्तुहरुको प्रयोग गरिन्छ । भौतिक विकासले सहरको समग्र विकासमा आधारको काम गर्दछ । यसले शहरमा सुविधा र सुन्दरताको विकास हुन्छ । हेटौंडा शहरको भौतिक विकासका क्षेत्रमा गर्नुपर्ने अनेक काम छन् ।

**१) यातायातको विकास** : यस शहरमा हवाई सेवाको व्यवस्था गर्नुपर्ने देखिन्छ । शहर वरिपरि घुमाएर बनाइएको पिचबाटोलाई रिङरोड भन्दछन् । कुनै पनि रिङ जस्तै घुमेको हुनाले यस्तो बाटोलाई रिङरोड भनिएको हो । यस शहरमा रिङरोड बनाउनु पर्दछ । नदि, खहरे, खोल्सामाथिको बाटोलाई पुल भन्दछन् । यो रोड बनाउनु पर्ने कतिपय स्थानका खहरे र खोल्साहरुमा पुलेसाहरु बनाउनु पर्ने हुन्छ । बस्तीपुर-पदमपोखरी बीचको राप्तीमाथि पुल बनाउनै पर्दछ । रातोमाटे र फुर्केचौरसम्मको चुरेवस्तीका बीचमा मोटरबाटो बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

**२) नहर, ढल र नाला निर्माण:** बर्षामा मनकामना पहाडबाट झरेको पानी कर्राखोला र राप्ती नदीमा निकास गराउन पूर्व-पश्चिम लम्बाइको नहर निर्माण गर्नुपर्ने देखिन्छ । यो नहर पहाडको फेदीमा बनाउनु पर्दछ । शहरका विभिन्न रोडका किनाराहरुमा नाला र ढल बनाउनु पर्ने काम बाँकी नै रहेकाले यो शहर भौतिक दृष्टिले व्यवस्थित हुन सकिरहेको छैन । कान्तिराजपथ सधैँ दुई नालाको पर्खाइमा शहरको बीचका सुतिरहेको छ । दक्षिणतिर मकवानपुर रोडमा पनि त्यस्ता नाला बनाउनै पर्दछ ।

**३) तटबन्ध र उच्च बाँध निर्माण** : नदी, खोला, खहरे, खोल्साहरुका दुई छेउमा पर्खाल लगाएर जमिन बाँध्नुलाई तटबन्ध भन्दछन् । हेटौंडा शहरअन्तर्गतका राप्ती नदी, कर्रा खोला, त्रिवेणीधाममा कर्रा र राप्तीमा मिसिएकी उत्तरबाहिनी सानी गङ्गा र त्यस पूर्वका पाँच खहरेहरु, मनकामना पहाडबाट निस्केर शहरका विभिन्न भाग हुँदै कर्रामा मिसिएका नौ खोल्साहरु सबै तटबन्ध र उचाइमा रहेका देखिन्छन् । जमिन र सौन्दर्यको बचाउ गर्न तिनका तट र बीच-बीचमा उच्चबाँध गर्नुपर्दछ ।

**४. पानी ट्याङ्की र ठूलो पाइपलाइन स्थापना** : यस शहरमा खानेपानी समस्या समाधान गर्नुपर्ने आवश्यकता पनि छ । शहरका केही टोल-बस्तीमा कुनै समय खानेपानीको समस्या भइरहेको छ । यो समस्या हटाउन चुरे पहाडका तल्ला भागमा केही पानीट्याङ्की निर्माण गरी पाइपलाइनबाट तिनका पानी वितण गर्नुपर्ने देखिन्छ । महाभारत पहाड जडीबुटीहरुको भण्डार हो । राप्ती नदीको स्रोतका रुपमा रहेको यस पहाडबाट बग्ने यस जडीबुटीको जराको रस समेत मिसिएकोले त्यो पानी औषधीय गुणयुक्त देखिन्छ । सफा र चिसो त्यो पानी उपयोग गरेमा स्वास्थ्य क्षेत्रमा वरदान हुनेछ । उचाइमा पहाड र मैदानमा शहर रहेकाले राप्तीको पानी ठूलो पाइपलाइनबाट ल्याएर शहरमा वितरण गर्न सम्भव पनि छ । हेटौंडाबासीले यो काम गर्न नयाँ सन्तति पर्खनु हुँदैन । त्रिवेणीधाम आइपुग्ने उत्तरवाहिनी सानी गङ्गाको पानी पनि उपयोगमा ल्याउनु पर्दछ ।

**५. कुवा र इनारको स्तरोन्नति** : मनकामना पहाडबाट निस्केका पानीका चार कुवाहरु छन् । ती मध्ये एक कुवा मेटिइसकेको छ । बानियाँटोल र मकवानपुर शिव-मन्दिर आसपास पनि एक-एक कुवा छन् । चिसापानी र गर्देमा एक-एक इनार छन् । ती सबै अव्यवस्थित रहेकाले शहरका बासिन्दाहरु तिनको स्तोन्नतिमा लाग्नु पर्दछ ।

**६) सौर्य उर्जाको उपयोग** : आधुनिक युग सौर्य उर्जा प्रयोगको युग भएकाले यस शहरका घर-घर र उद्योगहरुमा यसको प्रयोग-प्रविधि विकास गर्नै पर्दछ । यो यस शहरको भौतिक विकासको अर्को मुख्य पाइला हो ।


**७) वृक्षारोपण र जङ्लको स्तरोन्नति** : हेटौंडा शहरको आद्योगिक क्षेत्र, फरेष्ट्री क्याम्पस र राप्ती क्षेत्रमा रहेका स्वनिर्मित एवम् मानव निर्मित जङ्गलको अव्यवस्थित प्रयोग भइरहेकाले तिनको स्तरोन्नति गर्न ती भित्रका अनावश्यक लत्ता, झार, बिरुवा र सडे-गलेका बस्तुहरु हटाएर खाली स्थानमा सल्लो, रक्तचन्दन, श्वेतचन्दन, ओखर जस्ता उपयोगी रुख-विरुवाहरु रोपेर यस शहरमा वृक्ष सुन्दरता थप्न सकिन्छ । ती जङ्गलले पनि खुसियाली मनाउलान् । मनकामना र चुरे पहाड तलका सार्वजनिक खाली जमिनमा त्यस्ता उपयोगी विरुवाहरु रोप्नै पर्दछ । नदी, खोला, रोडका किनारा तथा चौताराहरुमा वृक्षरोपण गर्दा यस शहरको भौतिक विकासमा टेवा पुग्दछ । यस शहरको वायुप्रदुषण कम गर्न र सुन्दरता बढाउन प्रत्येक वडामा एक घर एक वृक्ष र बीस फुल रोप्ने कामलाई प्राथमिकता दिनु पर्दछ ।

**८) पंक्षी र जनावर पालन** : मनकामना र फरेष्ट्री जङ्गल घेरेर मयुर, कालिज, वन कुखुरा, तित्रा आदि धेरै नउड्ने चराहरु तथा मृग, खरायो आदि उफ्रेर नभाग्ने जनावर पालेर यस सहरको भौतिक र मूल्य बढाउन सकिन्छ । तिनलाई घरभित्र थुनेर पाल्नु चाहिँ उपयुक्त हुँदैन । नियममा बस्न चाहने सभ्य मानिस जस्ता चरा र जनावर हुँदैनन् । तिनीहरु प्रकृतिमा विचरण गर्न चाहन्छन् ।

**९) पार्क र चौतारो निर्माण** : यस शहरका प्रत्येक चौबाटो, त्रिबाटो र दोबाटोहरुमा चौतारो र साना-साना पार्क निर्माणको खाँचो छ । हुप्रचौर र पानीखरी निकट खेलमैदान लगायतका सार्वजनिक स्थलहरुमा चौताराहरु बनाउनु पर्दछ । शहरको सुन्दरता र सुविधा पूर्वाधारका रुपमा भौतिक विकासलाई प्राथमिकता दिनै पर्दछ । हेटौंडा शहरले सबै प्रकारका भौतिक विकासको माग गरेको छ । मानिसको सोच, काम गर्ने जागरुक मन-शक्तिको प्रयोग र आर्थिक साधनले नै भौतिक विकास हुन्छ । हेटौंडा शहरका बासिन्दा तात्कालिक र दिर्घकालिक योजनाका साथ यसको विकासमा लाग्नु पर्दछ ।

*हेटौंडा-५, समृद्धिटोल*

# नेपालमा बीमा कम्पनीको अवस्था



**के.बी. बस्नेत**



नेपालमा बीमा व्यवसायको इतिहास धेरै लामो नभए पनि बीमा ऐन, २०४८ प्रकाशमा आउनुअघि नै यहाँ उक्त व्यवसाय गरिन्थ्यो । विगतमा यहाँ बैंकिङ र अन्य व्यापारका साथै बीमा व्यवसाय पनि गरिन्थ्यो । वि.सं. १९९४ मा नेपाल बैंक लिमिटेडको स्थापनापछि नेपालमा बीमा इतिहासको सुरु भए पनि वि.सं. २००८ असोज ८ गते नेपाल माल चलानी तथा बीमा कम्पनी लिमिटेडको स्थापना गरी बीमा व्यवसाय सञ्चालन गरिएको हो । जुन यहाँको इतिहासमा प्रथम बीमा कम्पनी मानिन्छ ।

उक्त बीमा कम्पनीको प्रमुख उद्देश्य तत्कालीन अवस्थाको चोरी, आगलागी र एक ठाउँबाट अर्को ठाउँमा सामग्री आदानप्रदान गर्दा हुने जोखिमको स्वामित्व ग्रहण गर्नु थियो । यो बीमा कम्पनीको नेपाल बैंकसँग निकट सम्बन्ध थियो । जसले गन्तव्य स्थल नपुगुन्जेलसम्म जोखिम वहन गर्न बीमा गर्थ्यो । विशेषत: यी सामग्री भारतबाट रक्सौल र वीरगन्ज हुँदै भन्सार छुटाई गन्तव्य स्थलसम्म पुर्याइन्थ्यो ।

वि.सं. २००८ मा स्थापित उक्त बीमा कम्पनी वि.सं. २०१६ मा नेपाल इन्स्योरेन्स एन्ड ट्रान्सपोर्ट कम्पनीको रूपमा परिवर्तन गरियो । वि.सं. २०४८ मा यसको नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड नामकरण गरियो । जसले स्थापनाकालदेखि हालसम्म पनि निर्जीवन बीमाको काम मात्रै गर्दै आएको छ ।

वि.सं. २०२४ पुस १ गते कम्पनी ऐन, २०२१ बमोजिम सरकारी स्वामित्वमा रहने गरी राष्ट्रिय बीमा संस्थान प्रा.लि.को स्थापना गरियो । जुन तत्कालीन राजा महेन्द्रबाट उद्घाटन गरिएको थियो । वि.सं. २०२५ मा राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ पारित गरी वि.सं. २०२५ पुस १ गते उक्त संस्थानको नाम राष्ट्रिय बीमा संस्थान राखियो । त्यस बेलासम्म नेपालमा कुनै जीवन बीमा कम्पनी नभएकाले भारतको जीवन बीमा निगमले विशेष सर्तहरूमा यहाँ जीवन बीमा व्यवसाय सञ्चालन गरेको थियो । परन्तु, वि.सं. २०३९ फागुनदेखि राष्ट्रिय बीमा संस्थानले पनि यहाँ जीवन बीमाको काम सुरु गर्यो र यहाँका नागरिकलाई जीवन बीमा गर्न सजिलो भयो ।

वि.सं. २०४४ मा यहाँ नेसनल लाइफ एन्ड जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड स्थापना गरियो । जसले विगतमा जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्थ्यो । हाल यस कम्पनीको नाम नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र एनएलजी कम्पनी लिमिटेड रहेको छ । नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले जीवन बीमाको काम गर्छ भने एनएलजी कम्पनी लिमिटेडले निर्जीवन बीमाको काम गर्छ ।

पछिल्लो समय नेपालमा बीमा कम्पनीको संख्या बढेको छ । हाल यहाँ १४ जीवन र १४ निर्जीवन बीमा कम्पनी छन् । यसबाहेक दुई पुनर्बीमा र चार लघुबीमा कम्पनी पनि सञ्चालनमा छन् । बीमा क्षेत्रमा विकास गर्ने उद्देश्यले बीमा ऐन, २०४९ लाई समयसापेक्ष परिवर्तन गरी बीमा ऐन, २०७९ कार्यान्वयनमा ल्याइएको छ । यति मात्र नभई यहाँका बीमा कम्पनीको नियामक निकाय नेपाल बीमा समितिलाई नेपाल बीमा प्राधिकरण बनाइएको छ । उक्त निकायको पुनर्संरचना गरी झन्डै नेपाल राष्ट्र बैंकको संरचनापछि बनाइँदै छ ।

केही वर्षयता यहाँ बीमा व्यवसायको विकास एवं विस्तारका साथै अस्वस्थ प्रतिस्पर्धा पनि हुन थालेको छ । जसको समयमै निराकरण गर्न नसकेमा यहाँको बीमा व्यवसाय फस्टाउन सक्दैन । उदाहरणका लागि यहाँका केही बीमा कम्पनीमा व्यापार वृद्धि भएको देखाए पनि उक्त कम्पनीहरूलाई प्राप्त हुने बीमा शुल्क रकम सम्बन्धित कम्पनीको अन्य खर्च, बजारीकरण खर्च र व्यापार प्रवर्द्धन खर्च इङ्गित गरेर गैरकानुनी रूपमा बिमितलाई नै दिने वा बिमक तथा बिमितहरूमा कार्यरत कर्मचारीको मिलेमतोमा हिनामिना गर्ने प्रवृत्ति देखिएको छ ।

यति मात्र नभई केही बीमा कम्पनीले सरकारले कृषि तथा पशुपालन क्षेत्रमा प्रदान गर्नै आएको अनुदानको दुरुपयोग गरेका छन् । यस्ता कुकृत्य समयमै हटाउन नसकेमा यहाँका बीमा कम्पनी भविष्यमा धराशायी नहोलान् भन्न सकिँदैन । नेपालमा बीमा कम्पनीको संख्या बढी भएपछि नेपाल बीमा प्राधिकरणले उक्त कम्पनीको संख्या घटाउने नीति ल्यायो र यिनीहरूको पुँजी वृद्धि गर्ने निधो गर्यो । फलत: प्रत्येक जीवन बीमा कम्पनीले ५ अर्ब र निर्जीवन बीमा कम्पनीले २ अर्ब ५० करोड रुपैयाँ चुक्ता पुँजी कायम गर्नुपर्ने भयो ।

उक्त बीमा कम्पनीहरूले नेपाल बीमा प्राधिकरणले तोकिएको चुक्ता पुँजी समयमा पुर्याउन नसक्दा मर्जरका लागि जोड दिइएको छ । परन्तु, आजसम्म पनि केही बीमा कम्पनीले तोकिएको चुक्ता पुँजी पुर्याउन सकेका छैनन् । नेपालका जीवन बीमा कम्पनीहरूमध्ये नेपाल लाइफ, हिमालय लाइफ र नेसनल लाइफले तोकिएको न्यूनतम चुक्ता पुँजी कायम गरेका छन् । यसैगरी निर्जीवन बीमा कम्पनीहरूमध्ये सिद्धार्थ प्रिमियर, सगर माथा, लुम्बिनी, शिखर र आईजीआई प्रुडेन्सियलले तोकिएको चुक्ता पुँजी कायम गरेका छन् । अरु जीवन तथा निर्जीवन बीमा कम्पनीहरूले नेपाल बीमा प्राधिकरणलाई आ-आफ्नो योजना बुझाएर तोकिएको चुक्ता पुँजी जुटाउन तत्पर छन् ।

विगतमा नेपालका बीमा कम्पनीहरुले लगानी विविधीकरण गर्न नपाएको गुनासोलाई मध्यनजर राखी तत्कालीन बीमा समिति (हाल बीमा प्राधिकरण) ले वि.सं. २०७५ चैत महिनामा उक्त कम्पनीहरूलाई बैंकहरूको मुद्दती निक्षेप र सेयर खरिद-बिक्रीका साथै घरजग्गा व्यवसाय, कृषि, पर्यटन, जलस्रोतलगायत पूर्वाधार एवं उत्पादनमूलक क्षेत्रमा लगानी गर्न पाउने व्यवस्था गरेको थियो । परन्तु, उक्त व्यवस्था गरेको पाँच वर्ष बितिसक्दा पनि उक्त कम्पनीहरूले नयाँ क्षेत्रमा लगानी गर्न सकेका छैनन् ।

उक्त निर्देशिकाअनुसार यहाँका बीमा कम्पनीहरूले आफ्ना कुल प्राविधिक सञ्चित कोषबाट वाणिज्य बैंकमा न्यूनतम ४० प्रतिशत, पूर्वाधार बैंकको मुद्दती निक्षेपमा न्यूनतम ४० प्रतिशत, विकास

....बाँकी पृष्ठ ३ मा

# बालज्योतिमा मानव बेचबिखन तथा ट्राफिक नियमसम्बन्धी सचेतना




समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-५, पिप्लेस्थित बालज्योति माध्यमिक विद्यालयमा मानव बेचबिखन तथा ट्राफिक नियमसम्बन्धी सचेतनामूलक कार्यक्रम भएको छ। आइतबार बालज्योति स्काउट ट्रुप र रोट्र्याक क्लब अफ हेटौंडाको संयुक्त आयोजनामा कार्यक्रम भएको हो।

सचेतनामूलक कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर, सामुदायिक प्रहरी र माइती नेपाल मकवानपुरको सहकार्य रहेको थियो। कार्यक्रममा माइती नेपालका कार्यक्रम संयोजक माया लामाले चेलीबेटी तथा मानव बेचबिखनको बारेमा जानकारी गराउनुभएको थियो। कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका सुरेन्द्र कोइरालाले ट्राफिक नियमसम्बन्धी जानकारी दिनुभएको थियो। कार्यक्रममा बालज्योति स्काउट ट्रुप, कक्षा ९ र १० का ९५ जना विद्यार्थीको सहभागिता रहेको थियो।

कार्यक्रममा रोट्र्याक क्लब अफ हेटौंडाका अध्यक्ष अमृत लामिछाने, बालज्योति स्काउट ट्रुपका सुमित्रा लामा, सामुदायिक प्रहरीका सविना पोखरेल, विद्यालयका प्रधानाध्यापक भरत अर्याललगायतको उपस्थिति रहेको थियो। कार्यक्रमपश्चात् विद्यालयमा हरेक महिना एक नयाँ कार्यक्रम गर्दै जाने सहमति भएको बालज्योति स्काउट ट्रुपका अध्यक्ष लामाले बताउनुभयो।

# १ करोड ४६ लाखको अबैध सामान नियन्त्रण

समाज संवाददाता

हेटौँडाः बारा प्रहरीले सोमबार १ करोड ४६ लाख रुपैयाँ बराबरको अबैध सामान नियन्त्रणमा लिएको छ। ईलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको प्रहरी टोलीले जीतपुर-सिमरा उपमहानगर पालिका-२१ अमलेखगंजबाट २ वटा ट्रकहरूलाई रोकी सुरक्षाजाँच गर्दा बिल भरपाई भन्दा बढि सामान रहेको र स्रोत खुलाउन नसकेको १ करोड ४६ लाख ७९ हजार ७ सय ६८ रूपैयाँ बराबरको सामान बरामद गरेको जनाएको छ।

सोमबार बिहान ६ बजेर ३० मिनेटको समयमा वीरगंजबाट हेटौँडातर्फ आउँदै गरेको ना ५ ख ७९२७ नम्बरको ट्रकमा लोड गरेको लेडिज सुट, धागो, जारी दाना, प्रिन्ट कपडा, माला लकेट, मेटल धुरा र अन्य खुद्रा समानहरु गरी ६६ लाख ९० हजार रुपैयाँ बराबरको बिल भरपाई भन्दा बढी स्रोत खुलाउन नसकेको बस्तु बरामद भएको प्रहरीले जनाएको छ। यस्तै सोमबार बिहान ९ बजेर ३० मिनेटको समयमा वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना ८ ख २७१९ नम्बरको ट्रकमा लोड गरेको मोबिल, वेडसिट कपडा, स्टेशनरी, मोटर पार्टस, वेकरी आईटम र अन्य खुद्र सामानहरू ७९ लाख ८९ हजार रुपैयाँ बराबरको बिल भरपाई भन्दा बढी स्रोत खुलाउन नसकेको सामान प्रहरीले नियन्त्रणमा लिएको हो। प्रहरीले सामानसहित नियन्त्रणमा लिएको ट्रक आवश्यक कार वाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको जनाएको छ।

## नेपालमा बिमा...

बैंकमा बढीमा २० प्रतिशत र फाइनान्स कम्पनीहरूमा बढीमा १० प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था छ। उक्त बीमा कम्पनीहरूले नेपाल सरकारको बचतपत्र र ऋणपत्रमा ५ प्रतिशतसम्म, पूर्वाधार विकास बैंकको मुद्दतीमा ४० प्रतिशतसम्म, घरजग्गा व्यवसायमा ५ प्रतिशतसम्म, सूचीकृत कम्पनीका साधारण सेयर खरिदमा १० प्रतिशतसम्म र अग्राधिकार सेयरमा २० प्रतिशतसम्म लगानी गर्न पाउँछन्। यसैगरी यी कम्पनीहरूले सूचीकृत कम्पनीका ऋणपत्रमा २० प्रतिशतसम्म, कृषि, पर्यटन, जलस्रोतलगायत पूर्वाधार विकासमा २० प्रतिशतसम्म नागरिक लगानी कोष र म्युचुअल फन्ड खरिदमा ५ प्रतिशतसम्म लगानी गर्न पाउन व्यवस्था छ।

यद्यपि, यी कम्पनीहरूले हालसम्म पनि निर्देशिकाअनुसार लगानी विविधीकरण गर्न सकेका छैनन्। यिनीहरूको अधिकांश लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा गरिएको छ भने बाँकी ऋणपत्र र सूचीकृत सेयर खरिदमा केन्द्रित छ।

उक्त निर्देशिकामा यहाँका बीमा कम्पनीहरूले कृषि उत्पादन तथा वितरण, शीत भण्डार निर्माण, केबलकार निर्माण, सडक निर्माण, जलविद्युत् उत्पादन, सौर्य ऊर्जा उत्पादन आदि क्षेत्रमा बढीमा १० प्रतिशत लगानी गर्न पाउने प्रावधान छ। परन्तु, यी क्षेत्रमा आजसम्म पनि अपेक्षा गरेअनुरूप लगानी गर्न सकिएको छैन।

कुनै पनि देशको सर्वतोमुखी विकासका लागि पूर्वाधार विकासले महत्वपूर्ण भूमिका खेल्छ। यही कारणले वि.सं. २०७८ मा तत्कालीन बीमा समितिले निर्देशन जारी गरे पनि बीमा कम्पनीहरूले यसमा ध्यान दिएका छैनन्। वास्तवमा पूर्वाधार विकासमा अनिवार्य लगानीको प्रावधान नभएको, प्रतिफल प्राप्त गर्न धेरै वर्ष कुर्नुपर्ने र उक्त कम्पनीहरुसँग विशेषज्ञतासमेत नभएकाले त्यसतर्फ आकर्षण देखिँदैन।

हालसम्म नेपालका बीमा कम्पनीहरूले यहाँका वाणिज्य बैंकको मुद्दती खातामा निक्षेप संकलन गरी केही आम्दानी गरिरहेका छन्। यसमा जोखिम नभए पनि कृषि, उद्योग, पूर्वाधार निर्माण, ऊर्जा विकासजस्ता विविध क्षेत्रमा लगानी नगरीकन मनग्य आम्दानी गर्न सकिँदैन। तसर्थ, यसबारे सम्बन्धित पक्षको ध्यानाकृष्ट हुनुपरेको छ।

*(स्रोतः कारोबारदैनिक)*


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

MAKAWANPUR BAL BIDYA SADAN
Hetauda-18, Khadkule, Makawanpur


# गर्मी मौसममा स्वास्थ्यको ख्याल कसरी गर्ने ?

यतिबेला उच्च गर्मीको मौसम छ। गर्मीको मौसममा शरीरमा आलस्यता बढ्नु, चक्कर लाग्नु, शरीरमा क्याल्सियमको कमी हुनु, मुर्छा पर्नु लगायतका समस्याको सामना गर्नुपर्ने हुन्छ। गर्मीमा धेरै मात्रामा पानी पिउनु पर्छ भन्ने सबैले जानेका छौँ। तर, त्यसबाहेक अरु के गर्दा शरीरमा फूर्ति बढ्छ आउनुहोस् जानौँ।

**मौसम अनुसारको खानपिन**: मौसम अनुसारको खानपानले गर्मीबाट हुने समस्याबाट छुट्कारा पाउन सकिन्छ। त्यस्तै शीतलताका लागि खर्बुजा प्रयोग गर्नु राम्रो मानिन्छ गर्मीमा। खर्बुजामा ९० प्रतिशत पानीको मात्रा हुने भएकोले यसलाई दैनिकरुपमा प्रयोगमा ल्याउन सकिन्छ। त्यस्तै हरियो तरकारी, मौसम अनुसारको फल र हल्का तथा रेशादार खानेकुरा खाँदा गर्मीका कारण शरीरमा बढेको तापमान कम गर्न सकिन्छ।

**सलाद**: सलादमा ९५ प्रतिशत पानी हुने र प्रोटिनको मात्रा पनि बढी हुनु अनि सलादमा ओमेगा ३ फाइबर र क्याल्सियम समेत पाइने भएकोले गर्मीमा सलाद खानु अत्यन्तै उत्तम मानिन्छ।



सलादमा फाइबरको मात्रा बढी हुने भएकोले यसले पाचनतन्त्रमा पनि सहयोग गर्छ।

**ब्रोकाउली**: ब्रोकाउलीमा ८९ प्रतिशत पानी हुन्छ। यसले तपाईलाई गर्मीबाट बचाउन मद्दत गर्दछ।

**स्याउ**: स्याउमा ८९ प्रतिशत पानी हुन्छ। स्याउ फाइबर, भिटामिन र धेरै मात्राका अन्य पोषकतत्वको राम्रो स्रोत मानिन्छ। त्यस्तै अनारले पानीको मात्रा पुरा गर्न सहयोग गर्दछ।

**चामलको भात**: मानिसको स्वास्थ्यका लागि भात भन्दा बढी रोटी फाइदाजनक मानिन्छ। तर, स्वास्थ्यविज्ञहरुका अनुसार गर्मीमा भात पानीको राम्रो स्रोत मानिन्छ। भातले शरीरमा पानीको मात्रा पूरा गर्न सहयोग गर्दछ। भातमा आइरन, कार्बोहाइड्रेट र अन्य तत्व प्रचुरमात्रामा पाइन्छ।

**दही**: गर्मीमा पानीको कमि पूरा गर्नका लागि दही अत्यन्तै फाइदाजनक मानिन्छ। दहीमा ८५ प्रतिशत पानीको मात्रा हुन्छ।

**हरिया तरकारीहरू**: गर्मीको मौसममा लौका, करेला, फर्सी, काँक्रा, परवल, भिन्डी र सागसब्जीहरू भान्सामा बढी प्रयोग गर्नुहोस्।

**सरसफाइमा विशेष ध्यान दिनुहोस**: गर्मीका कारण विभिन्न रोगको संक्रमण बढ्ने खतरा हुन्छ। त्यसकारण सरसफाइमा विशेष ध्यान दिनुहोस्। गर्मीका बेला धेरै समय बाहिर नरहनुहोस्। शरीरमा पानी कम हुन नदिन विशेष ध्यान दिनुहोस्।

**गर्मीमा के नगर्ने ?**

खानामा धेरै मसला र तेल प्रयोग नगर्नुहोस्। बासी खानेकुरा नखानुहोस्। मासु कम खानु होस्। बाहिर निस्कँदा पानी पिएर निस्कनुहोस्। सकेसम्म शरीरलाई कपडाले छोप्नुहोस्।

# निःशुल्क शिक्षासम्बन्धी अभिभावक अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-६, डुम्रेकुनामा रहेको जालपादेवी माविका अभिभावक लक्षित अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। आइतबार विद्यालयले गाउँपालिकाले घोषणा गरेको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी अभिभावकलाई अभिमुखीकरण गरिएको विद्यालयका प्रधानाध्यापक राजुप्रसाद गौतमले जानकारी दिनुभयो।

कक्षा ८, ९ र १० मा अध्यनरत विद्यार्थीको ८७ जना अभिभावकलाई अभिमुखीकरण गरिएको हो। बाँकि कक्षाका अभिभावकहरुलाई विद्यालय व्यवस्थापन समितिको मिटिङबाट तय गरेर बैशाख मसान्तभित्र अभिमुखीकरण गरिने प्रधानाध्यापक गौतमले जानकारी दिनुभयो।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरबहादुर स्याङ्तानको अध्यक्षता तथा ६ नम्बर वडा अध्यक्ष कृष्णप्रसाद बजगाईको प्रमुख आतिथ्यमा भएको थियो। व्यवस्थापन समितिका पदाधिकारी र शिक्षक अभिभावक संघको संयोजकलगायत बाल क्लबका उपाध्यक्षको उपस्थिति रहेको थियो। शिक्षक प्रतिनिधि भवनाथ गौतमले अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका आधार तथा चरणहरुको बारेमा सहजीकरण गर्नुभएको थियो।

जालपादेवी माविमा १ देखि ५ कक्षासम्म अंग्रेजी माध्याममा पठनपाठन हुन्छ भने ६ देखि १० सम्म नेपाली माध्याममा पठनपाठन हुने गरेको छ। यसवर्ष नयाँ विद्यार्थी ६२ जना भर्ना भएका छन्।


# हार्दिक समवेदना



स्व. मिथिलेस कुमार मिश्र

यस जीएस निकेतन माविका शिक्षक नवीन मिश्रका पुजनीय बुबा **मिथिलेश कुमार मिश्र**को निधनको खबरले मर्माहत भएका छौं। यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**रमिला सापकोटा**
**अध्यक्ष, विद्यालय व्यवस्थापन समिति**

**ऋषिराम पोखरेल**
**अध्यक्ष, विद्यालय सञ्चालक समिति**

**ईश्वरप्रसाद लामिछाने**
**प्रिन्सीपल**

**एवम् जीएस निकेतन मावि परिवार**

**हेटौँडा-५, मकवानपुर**

# हार्दिक समवेदना



जन्मः २०१४/०८/२८

स्व. मिथिलेस कुमार मिश्र

स्वर्गारोहणः २०८१/०१/१२

मकवानपुर बहुमुखी क्याम्पसकी उपप्राध्यापक तथा यस संघकी कार्यसमिति सदस्य संरक्षिका थापाका ससुरा बुबा **मिथिलेश कुमार मिश्र**को निधनको खबरले मर्माहत भएका छौं। यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

घनश्याम घिमिरे, अध्यक्ष

**एवम् पब्लिक क्याम्पस प्राध्यापक संघ**
**मकवानपुर बहुमुखी क्याम्पस इकाई परिवार**

**हेटौँडा, मकवानपुर**

## प्रदेशस्तरीय अन्तरपालिका भलिबल

# थाहा र हेटौंडा सेमिफाइनलमा



*प्रदेशस्तरीय अन्तरपालिका भलिबलको सेमीफाइनल प्रवेश गरेको थाहा नगरको भलिबल टिम ।*

समाज संवाददाता

हेटौंडाः प्रथम संस्करणको बागमती प्रदेशस्तरीय अन्तरपालिका भलिबल प्रतियोगिताको सेमिफाइनलमा मकवानपुर जिल्लाको थाहा नगरपालिका र हेटौंडा उपमहानगरपालिका प्रवेश गरेको छ । प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डका छोरा प्रकाश दहालको स्मृतिमा ललितपुरको महाकाल गाउँपालिकाको गोटीखेलको चौरमा प्रतियोगिता भइरहेको छ ।

प्रदेशस्तरीय अन्तरपालिका भलिबल प्रतियोगितामा थाहा नगरपालिकाले माडी नगरपालिकालाई र हेटौंडा उपमहानगर पालिकाले खाडाँदेवी गाउँपालिकालाई २-० को सोझो सेटले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको हो । थाहाले माडीलाई २५-१७ र २५-१२ को सेटले हराएको हो भने हेटौंडाले खाँडादेवीलाई २५-१३ र २५-१७ ले हराएको हो ।

प्रतियोगितामा मकवानपुरकै बागमती गाउँपालिका आयोजक गाउँपालिकासँग पराजित भएको छ । प्रतियोगिताअन्तर्गत् फाइनल प्रवेशका लागि आज मंगलबार थाहाले काभ्रेपलाञ्चोकको मानकाली गाउँपालिका र हेटौंडाले सिन्धुलीको घ्यानलेख गाउँपालिकासँग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

### मंगलबार सेमिफाइल र फाइनल चरणको खेलहरू सञ्चालन हुनेछ ।

प्रदेश खेलकुद विकास परिष्द बागमती प्रदेश, जिल्ला खेलकुद विकास समिति ललितपुर, राष्ट्रिय खेलकुद परिषद् र नेपाल भलिबल संघको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा १ करोड ३० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। प्रतियोगिताको उपाधि विजेता टिमले ३ लाख रुपैयाँ र उपविजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको सेमिफाइनलमा पराजित हुने दुई टिमले एक-एक लाख रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगिताको उत्कृष्ट ब्लकर, उत्कृष्ट सेटर, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट सर्भरलाई ५० हजार रुपैयाँको नगद राशि र प्रमाणपत्र प्रदान गरिनेछ । लिग कप नकआउटको आधारमा भएको प्रतियोगितामा १९ वटा टिमहरुको सहभागिता रहेको थियो ।

## शहीद तारा सीता स्मृति महिला फुटबल

# हेटौंडा फुटबल एकेडेमी सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः प्रथम संस्करणको सेन्ट्रल कलेज शहीद तारा सीता स्मृति राष्ट्रिय खुला महिला फुटबल प्रतियोगिता आज मंगलबारबाट सुरु हुँदैछ । प्रतियोगिता जगतपुर युवा क्लबको आयोजनामा सुरु हुने भएको हो ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२३, गौचरणको खेल मैदानमा हुने प्रतियोगितामा मकवानपुरको हेटौंडा फुटबल एकेडेमी सहभागी हुने भएको छ । प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा फुटबल एकेडेमी र मनहरी क्रिश्चियन युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

दुबै टिम जितको लक्ष्य लिएर मैदानमा उत्रनेछन् । दुई समूहको विजेता टिमले सेमिफाइनलको यात्रा पूरा गर्नेछन् । फुटबल एकेडेमीमा आवद्ध भएका महिला खेलाडीहरुलाई दिएको प्रशिक्षण, उनीहरुको खेल कौशलता र नियमित उपस्थितिको आधारमा १८ जना महिला खेलाडीहरु छनोट गरेको एकेडेमीका संस्थापक अध्यक्ष तथा प्रशिक्षक भीम लामाले जानकारी दिनुभएको छ। टिमकोचको रुपमा प्रशिक्षक लामा पनि चितवन जानुभएको छ ।

खेलाडीहरुको खेल कौशलताको विकास गर्ने उद्देश्यले प्रशिक्षक लामाले विभिन्न प्रकारको प्रतियोगिताहरुमा आफ्ना खेलाडीहरुलाई सहभागी गराउँदै आउनुभएको छ । प्रतियोगिताको समयमा कुनै पनि टिमको खेलाडीले अनावश्यक होहल्ला गरेमा, मदिरा सवेन गरेर अनुशासनहीन काम गरेमा, नियम विपरित खेललाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा बाधा पर्ने क्रियाकलाप गर्ने टिमलाई प्रतियोगितामा सहभागी हुन नदिने जनाइएको छ ।

नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगितामा ८ वटा टिमहरुको सहभागिता रहनेछ। प्रतियोगिताको उपाधि विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ र उपविजेता टिमले २५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको म्यान अफ द म्याच हुने खेलाडीहरुले १ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

यस्तै, प्रतियोगिताको सर्वोकृष्ट प्रशिक्षकले १० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट गोलरक्षकका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता अवधिभरको सर्वाधिक गोलकर्ताले २ हजार ५ सय रुपैयाँ र प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगिताको फाइनल खेल बैशाख २९ गते हुनेछ ।

## सकारात्मक सोच र आहार

# बिहारसम्बन्धी सचेतना

समाज संवाददाता

हेटौंडाः टोल विकास नगर समन्वय समिति हेटौंडा उपमहानगरपालिकाको आयोजनामा सचेतना कार्यक्रम भएको छ । सोमबार सकारात्मक सोच, आहार बिहार सचेतना र भान्सा नै औषधालय विषयमा सचेतनामूलक कार्यक्रम आयोजना भएको हो ।

टोल विकास संस्थाका अध्यक्ष धुर्व ढकालको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा-४ का अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो । कार्यक्रममा सहभागीहरुलाई कृषि वातावरण औषधालय विज्ञ रोमलाल गिरीले प्रशिक्षण दिनुभएको छ । प्रशिक्षक गिरीले मासु खाने मानिसहरुमा ८० प्रतिशत रोग सर्ने गरेको बताउनुभएको छ ।

खसी, राँगाजस्ता जनावरहरुलाई मारेर खाएको कारणले रोग बढी मात्रामा सर्ने गरेको उहाँले बताउनुभयो । उहाँले सबै मानिसहरुले आफूले कस्तो खानेकुरा खाइरहेको छु ? खाना खानयोग्य छ कि छैन भन्ने कुरा बुझ्न जरुरी रहेको बताउनुभयो ।

स्वच्छ भान्छाको महत्व बुझेर भान्छालाई स्वच्छ बनाउन सबै लाग्नुपर्ने उहाँको भनाइ छ । आलीदेखि थालीसम्म र गोठदेखि ओठसम्म आउने हाम्रा खानेकुरा स्वच्छ, विषादीरहित, जैविक तरिकाबाट उत्पादित भए/नभएको कुरालाई मध्यनजर गर्नुपर्ने उहाँले बताउनुभयो । खाना पकाउने भाँडा, पकाउने ठाउँ, पकाउने मानिस सफा, स्वच्छ तरिकाले तयार गर्नुपर्ने उहाँले बताउनुभयो । खानाले औषधीको र औषधीले खानाको काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

**शरीरलाई रोगबाट संक्रमण हुन नदिन ६ घण्टा गहिरो निद्रामा सुत्नुपर्ने, बिहान २ गिलास तातोपानी पिउनुपर्ने, करेसाबारीमा काम वा कसरत गर्नुपर्ने, जडीबुटीको सेवन गर्नुपर्ने, खाना छनोट गरेर खानुपर्ने र बाहिरी पसलहरूमा पाइने जंकफुड, मातृखाना र भुटेको तारेका बासी खाना खान बन्द गर्नुपर्ने उहाँले बताउनुभयो ।**

मानिसहरु स्वस्थ हुनका लागि नियमले खाना खानुपर्ने, निद्रा पूरा गर्नुपर्ने र नियमित काम गर्नुपर्ने गिरीले बताउनुभयो। औषधालय तरिकाको खाना खानका लागि स्वस्थ र स्वस्थकर खाना बनाउनुपर्ने उहाँको भनाइ छ । शरीरमा लाग्ने ७० प्रतिशत रोग आन्तरिक हुने भएकाले ३० प्रतिशल रोग प्योथोजनबाट लाग्ने उहाँले बताउनुभयो । मानिसहरुले पेटलाई केन्द्र बनाएर रोग सर्ने भएकाले सबैभन्दा पहिला पेटलाई सफा राख्न आवश्यक रहेको उहाँको भनाइ छ ।

शरीरलाई रोगबाट संक्रमण हुन नदिन ६ घण्टा गहिरो निद्रामा सुत्नुपर्ने, बिहान २ गिलास तातोपानी पिउनुपर्ने, करेसाबारीमा काम वा कसरत गर्नुपर्ने, जडीबुटीको सेवन गर्नुपर्ने, खाना छनोट गरेर खानुपर्ने र बाहिरी पसलहरुमा पाइने जंकफुड, मातृखाना र भुटेको तारेका बासी खाना खान बन्द गर्नुपर्ने उहाँले बताउनुभयो ।

स्वदेशका मानिसहरु धनी हुनका लागि देशको स्रोत र साधन धनी हुनुपर्ने र स्रोतको राम्ररी सदुपयोगबाट मानिसहरु समृद्ध हुनसक्ने उहाँको भनाइ छ । नयाँ आधार बनाउनका लागि गाई, भैंसी, भेडा, बाख्रा, पाडा, पाडीका फर्म खोल्ने, डाँफे, कस्तुरी, कालिज र मृगका फर्म स्थापना गर्नुपर्ने र हिमालको पानी, र स्वर्गको जीवाणुको विश्वबजारीकरण गर्ने बताउनुभयो ।

जडिबुटी, यार्सागुम्बा, सेतोमसुली, कोका र अमृतका बगैंचा स्थापना गरेर औषधी उत्पादन र औषधीको विश्व बजारिकरण गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो । पानी, हावा र सौर्य शक्तिबाट ऊर्जामा आत्मनिर्भर हुनुपर्ने भन्दै उहाँले बिजुली उत्पादन शिक्षाबाटै आत्मनिर्भर हुनका लागि योजना बनाउनुपर्ने उहाँले दावी गर्नुभएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष ढकालले विभिन्न प्रकारका घटनाहरुलाई न्यूनीकरण गर्नका लागि सबैले आफ्नो सोचलाई सकारात्मक बनाउन आवश्यक रहेको बताउनुभएको छ । अहिलोको समयमा मानिसहरुले चिल्लोपदार्थ बढी मात्रामा खाएकाले बिरामी भएको उहाँले बताउनुभयो । सबै मानिसहरुले करेसाबारीमा उत्पादन गरेको सब्जीहरुलाई कसरी प्रयोग गरेका छौं भन्ने कुरालाई ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । सबै मानिसहरु स्वास्थ्यप्रति संवेदनशील भएर स्वस्थ खानपानमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको विभिन्न वडाहरुबाट करिब २ सय जनाभन्दा बढी मानिसहरुको सहभागिता रहेको थियो ।

### सच्याइएको

मिति २०८१ साल बैशाख २१ गते शुक्रबारको अंकमा समृद्ध समाज राष्ट्रिय दैनिकको तेस्रो पृष्ठमा प्रकाशित श्री भानु माविको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचनामा नबिल बैंक हेटौंडामा रहेको खाता नम्बर २२१०१०१७५००२८४ हुनुपर्नेमा असावधानीवस अन्यथा भएकोले सच्याइएको छ । **विज्ञापन शाखा ।**


### चौघडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा–६, चौघडा, मकवानपुर

**शेयर सदस्यहरुलाई सक्रिय हुने सम्बन्धि सूचना**

यस चौघडा बचत तथा ऋण सहकारी संस्था लि. को रु. १,००० ।– को शेयर खरिद गरेका २०७५ आषाढ मसान्तसम्मका सदस्यहरु जो हालसम्म पनि संस्थासँग कुनै आर्थिक क्रियाकलाप नगर्नुहुने सम्पूर्णलाई २०८१ आषाढ मसान्तसम्म संस्थामा आई कारोबार नियमित गर्नुका साथै आफ्नो के.वाई.एम फारम भर्न यो सूचना जारी गरिएको छ । अन्यथा उल्लेखित सदस्यहरुलाई संस्थाले कुनै प्रकारका सुविधा उपलब्ध नगराउने व्यवहोरा जानकारी गराउँदछौं ।

**दिपा श्रेष्ठ**
**व्यवस्थापक**

### डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔं । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०१/२३*

यस युसेस बचत तथा ऋण सहकारी संस्था लि.का लागि करार सेवामा रहने गरी निम्न अनुसार काम गर्न कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक योग्य नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक निवेदन आव्हान गरिएको छ ।

**विज्ञापन .१/२०८०/२०८१**

१. पद : ऋण सहायक/कम्प्युटर
२. संख्या : १ (एक)
३. परीक्षाको किसिम : लिखित र मौखिक दुबै
४. न्यूनतम शैक्षिक योग्यता : १०+२ उतीर्ण
५. लिङ्ग : पुरुष
६. उमेर : १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको
७. वान्छनीय योग्यता : कम्प्युटरमा दक्ष तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएको ।
८. पारिश्रमिक सुविधा : संस्थाको नियमअनुसार हुनेछ ।
९. कामको प्रकृति : कार्यालय/ऋण अनुगमन तथा असुली ।
१०. सम्पर्क : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे ।
११. परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१२. परीक्षा दस्तुर : रु. ५००/-

**१३ आवश्यक कागजातहरू :**

क) नागरिकताको फोटोकपी
ख) वायोडाटा
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
घ) कम्प्यूटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाणपत्रको प्रतिलिपी, लाइसेन्सको प्रमाणपत्रको प्रतिलिपी
ङ) पासपोर्ट साइजको फोटो २ थान
च) दरखास्त दिने स्थानः युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय

**थप जानकारीका लागि**
**युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**हेटौंडा-४, पारिजातपथ (०५७-५२४४४७)**

### जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा जनहितमा जारी सन्देश ।।

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मे देखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट निःशुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालकालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनुपर्ने सबै खोपहरु समयमै पुरा गराऔ । १५ महिनामा लगाउनुपर्ने दादुरा रुबेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पुरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा निशुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**

### सम्पर्कमा आउने बारे

यस संजीवनी बचत तथा ऋण सहकारी संस्था लि. हेटौडा-५ (प्रथम पक्ष) रिटर्नी कृषि तथा पशुपालन कम्पनी लि.का संचालक संयोजक श्री सरोज पुडासैनी (दोश्रो पक्ष) प्रथम पक्षको नाममा वडा नं. ०५ को आफ्नो भवनमा रहेको २ सटर भएको ४ कोठा र उक्त संस्थाको खालि जग्गामा मिति २०७९ साल भाद्र ०१ गते भाडामा दिने भन्ने भएको सम्झौता अनुसार दोस्रो पक्षले हाल सम्म भाडा नदिई फरार रहेको र सम्पर्क गर्दा सम्पर्क पनिहुन नसकेको र निजले गोदाम समानहरु छोडी बेपत्ता भएकाले यो सुचना प्रकाशीत मितिले १५ (पन्ध्र)दिन भित्र संस्थामा आई सम्पर्क गरिदन विनम्र अनुरोध गर्दछौं । साथै सम्पर्कमा नआएमा कानुन बमोजीम हुने व्यहोरा जानकारी गराउँदछौं ।

**संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-५, पिप्ले**

### साताव्यापी पशु आहार अभियान कार्यक्रम

पशुको आहारमा लागत कम गरी गुणस्तरीय र सन्तुलित आहारद्वारा दूधको उत्पादन बढाउने अभियान ।

मितिः २०८१ साल बैशाख २३ गतेदेखि बैशाख २९ गतेसम्म मकवानपुर जिल्लामा ।

**आयोजक**
**प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश**

**सह-आयोजक**
**जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ